नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

# प्रेस विज्ञप्ति

सामुदायिक विद्यालयमा राहत अनुदानमा कार्यरत शिक्षकहरुको व्यवस्थापन, सेवा सुविधा लगायतका पेशागत माग राखी राहत शिक्षक संघर्ष समितिले यस मन्त्रालयमा ज्ञापन पत्र सहितको ध्यानाकर्षण पत्र पेश गरेको तथा मागहरु प्रति सकारात्मक सम्बोधन नभएमा देश भरिका सामुदायिक विद्यालयहरुमा यही भाद्र २६ गतेदेखि तीन दिनसम्म पठनपाठन बन्द गर्ने समेतका आन्दोलनका कार्यक्रम राखेकामा यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । राहत अनुदानमा कार्यरत शिक्षकहरुको पेशागत मागप्रति यस मन्त्रालय सदैव सकारात्मक रहेको छ । राहत अनुदानमा कार्यरत शिक्षकका समस्यालाई ध्यानमा राखी आज २०७५ भदौ २५ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा मन्त्रालयका प्रतिनिधि, नेपाल शिक्षक महासंघका प्रतिनिधि र राहत शिक्षक संघर्ष समितिका प्रतिनिधिबीच भएको छलफलबाट समेत राहत अनुदानमा कार्यरत शिक्षकका समस्याहरु आपसी वार्ताद्वारा समस्या समाधान गर्न सकिने निचोडमा पुगिएको छ। निकट भविष्यमा संघीय संसदमा पेश हुने शिक्षा विधेयकमा राहत अनुदानमा कार्यरत शिक्षकहरुबाट उठाइएका मागहरु आवश्यक सम्बोधन हुने भएकाले आन्दोलनका कार्यक्रमहरु स्थगित गरी नियमित विद्यालय सञ्चालनको वातावरण बनाउन यस मन्त्रालय सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ ।

मिति: २०७५ भदौ २५

बैकुण्ठ प्रसाद अर्याल
प्रवक्ता एवम् सहसचिव